जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ८१ २०७८ साल कात्तिक ४ गते बिहीबार (21 Oct. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***



प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔ

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



*यस अंक भित्र :* २ पृष्ठमा : सरकारका सय दिन : महामारी ... ३ पृष्ठमा : ब्याजदर वृद्धिमा राष्ट्र ... ३ पृष्ठमा ब्रेलायतमा संक्रमणबाट मृत्यु दर..


# महुली र जिता खोलाको बाढीका कारण सय घर डुबानमा





**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

विगत तीन दिनदेखी भईरहेको अबिरल वर्षाका कारण सप्तरीको विभिन्न भाग डुबानमा परेको छ ।

निरन्तरको वर्षाका कारण सबैभन्दा बढी हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका र राजविराज नगरपालिकाका अधिकाँश वडा डुबानमा परेका छन् ।

महुली खोलामा आएको बाढीले बाँध भत्काउदा हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहा स्थित दलित वस्तीका ५० घर डुबानमा परेका छन् ।

महुली खोलमा पानीको उच्च वहावले महुली पुल देखी १० मिटर पुर्व गिदखोरा भन्ने स्थानमा बाँध भत्काउदा बाढी प्रवेश गरी दलित वस्तीको ५० घर डुवानमा परेको स्थानीयले जानकारी दिएका छन् ।

यस्तै जिता नदीको बाढीले तिलाठी कोईलाडी गाउपालिका ५ मा रहेको को.बर्साईनस्थित बाँध भत्कदा ५० घर डुबानमा परेको विपद व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिएका छन् । बाढीले सोही गाँउपालिका ३ सरकपुरा टोल जाने मुख्य सडक करिब १५ मिटर बगाएपछि आवागमन समेत अवरुद्ध भएको उनले जानकारी दिए ।

यस्तै हनुमाननगर कंकालीनी नगरपालिकाको वडा ४, ८, ११ र १३ तिलाठी कोइलाडी गाउँपालिकाको १, २, ३ र ८ तथा राजविराज नगरपालिकाको ५, ७, ८, १० र ११ वडाका विभिन्न वस्ती डुबानमा परेको छ ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीले बाढीले भत्काएका बाँधहरुमा सम्बन्धित नगर र गाउँपालिका तथा प्रहरीको सहयोगमा तारजाली र ढुंगा राखेर मर्मतको काम भईरहेको जनाएको छ ।

# खोला तर्ने क्रममा यूवक वेपत्ता

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

खोला तर्ने क्रममा सप्तरीमा एक यूवक बुधबार वेपत्ता भएका छन् भने अर्को खोला तरेर बाहिर निस्कन सफल भएका छन् ।

सप्तरीको हनुमानगर कंकालनी नगरपालिका ९ निवासी २३ वर्षिय लालु मण्डल खोला तर्ने क्रममा वेपत्ता भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले सो नगरपालिका वडा नं. १४ बैरिया घाटस्थित रहेको जिता खोलाको भत्केको पुलबाट रम्पुरा मल्हनियातर्फ जाने क्रममा खोलाले बगाएर वेपत्ता भएको जनाएको छ ।

वेपत्ता भएका मण्डलसँगै २८ वर्षिय संजिव कुमार मण्डललाई पनि खोलाले बगाएको तर उनी खोला तरी बाहिर निस्किन सफल भएको प्रहरीले जनाएको छ ।

यता वेपत्ता भएका लालु मण्डलको खोजिकार्य तिब्र रुपमा भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिएको छ ।

# बाढीपहिरोबाट मृत्यु हुने ३१ पुगे, ४३ सम्पर्कविहीन

काठमाडौँ, ३ कात्तिक (रासस) ।

केही दिनदेखिको अविरल बर्षापछि आएको बाढी, पहिरो र डुबानमा परेर मुलुकका विभिन्न जिल्लामा ३१ जनाको मृत्यु भएको छ ।

गृहमन्त्रालयबाट बुधबार बिहानसम्मको प्राप्त विवरणअनुसार अन्य ४३ जना बेपत्ता भएका छन् । विपद्मा परेर २२ जना घाइते भएका मन्त्रालयको विपद् व्यवस्थापन महाशाखा प्रमुख हुमकला पाण्डेले जानकारी


***बाँकी तीन पृष्ठमा***


# सप्तकोशीको ४१ वटा ढोका खोलिए

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

निरन्तरको वर्षाले सप्तकोशी नदीमा पानीको वहाव उच्च भएपछि बुधबार ४१ वटा ढोका खोलिएको छ ।

सप्तरी-सुनसरीको बीच सिमामा पर्ने सप्तकोशी नदीमा यस वर्ष कै उच्च पानीको वहाव २ लाख ६३ हजार २ सय ७० क्युसेक पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेले पानीको वहाव बढेसंगै कोशी ब्यारेजका ५६ ढोका मध्ये ४१ वटा ढोका खुल्ला गरिएको जानकारी दिए । पानीको वहाव उच्च भएपछि सर्वसाधारणलाई सचेत गर्नका निम्ती खतराको संकेत रातो बत्ती समेत बालिएको उनले बताए ।

# समन्वय समितिका प्रमुखद्वारा वर्षा पीडितहरुका लागि क्षतिपूर्ती माग

**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले हावाहुरी तथा वर्षाका कारण भएको क्षतिको विवरण संकलन गरि पीडितहरुलाई क्षतिपूर्ती उपलब्ध गराउन संघीय र प्रदेश सरकार तथा सम्बन्धीत सबै सरोकारवालाहरुसँग माग गरेका छन् ।

प्रमुख यादवले बुधबार एक विज्ञप्ति जारि गर्दै मंगलबार भएको भिषण वर्षाको बाढीबाट डुवानमा परेका व्यक्तिहरुको घरमा क्षति, विद्युत सेवा तथा सडक अवरुद्ध लगायतले सर्वसाधारणको


***बाँकी अन्तिम पृष्ठमा***




# सरकारका सय दिन : महामारी नियन्त्रणदेखि आर्थिक विकासका प्रयास

काठमाडौँ, ३ कात्तिक (रासस)।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व सम्हालेको बुधबार १०० दिन पुगेको छ। यस अवधिमा पूर्ववर्ती सरकारले छाडेर गएको अन्यौलग्रस्त विसङ्गती र अस्थिरताबाट मुलुकलाई मुक्ति दिलाउने गहन जिम्मेवारीका साथ वर्तमान सरकारले मुख्य गरी विकास, शान्ति र सुव्यवस्था तथा सुशासन कायम गरी अघि बढ्नका लागि आधारशीला खडा गरेको महसुश भएको छ।

यो अवधिमा सरकारले गरेका धेरै कार्यमध्ये कोभिड-१९ को रोकथाम तथा नियन्त्रण उल्लेखनीय देखिएको छ। देउवा सरकारले आफ्नो प्रमुख प्राथमिकतामा राखेर कोरोनाको रोकथाम, नियन्त्रण र उपचार गरेपछि अहिले कोरोना सङ्क्रमण लगभग नियन्त्रणको चरणमा पुगेको छ। पछिल्लो तथ्याङ्कले कोरोना नियन्त्रण उन्मुख भएको पुष्टिसमेत गरेको छ। एकैदिन तीन लाख मात्रासम्म खोप लगाउन सक्नुलाई पनि सफलताको मापन मान्न सकिन्छ।

प्रतिनिधिसभामा विश्वासको मत पाएलगत्तै प्रधानमन्त्री देउवाले नेपाली नागरिकलाई कोभिड-१९ को प्रकोपबाट जोगाउने सरकारको पहिलो प्राथमिकता हुने उद्घोष गर्नुभएको थियो। सरकारले आगामी चैतसम्म खोप लगाउन योग्य सबै नेपाली नागरिकलाई खोप दिइसक्ने प्रतिबद्धतासमेत जनाएको छ। सरकारले १८ वर्षमुनिका बालबालिकालाई समेत खोप दिइने सुनिश्चितता गरेको छ।

छोटो अवधिमै वर्तमान सरकारले सफल खोप कूटनीतिमार्फत एक करोड ५० लाख खोप व्यवस्थापन गर्नुका साथै लक्षित नागरिकमध्ये ३२ दशमलव ६ प्रतिशतलाई पूर्ण खोप लगाउन सफल भएको छ। सरकारले सन्तुलित 'नेपाल पहिला' परराष्ट्र नीति, लगानीमैत्री वातावरणको सिर्जना, निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आर्थिक स्थिरता कायम, कोभिडको मारमा परेका उद्योगी-व्यवसायीलाई राहत प्याकेज, प्रभावकारी रुपमा कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनलगायत महत्वपूर्ण काम गरेको छ।

यसैगरी चुस्त सुरक्षा व्यवस्था, प्रभावकारी रुपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि, स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने कार्यविधि तथा कोष तयार, विद्युतीय लाइन विस्तार तथा विद्युत्को पहुँचमा वृद्धि, सडक तथा यातायातको पहुँच विस्तार, देशभर निःशुल्क कानूनी सहायता प्रदान गर्ने कानूनी मस्यौदा तयारलगायतका कार्यमा पनि सन्तोषजनक काम भएका छन्।

वर्तमान सरकार गठन भएको छोटो समयमै सबै स्थानीय तहलाई इन्टरनेट सञ्जालमा जोडिएको, विद्युतीय माध्यमबाटै कर विवरण हेर्न तथा भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइएको, सरकारी कागजातको 'डिजिटल अर्काइभिङ' सुरु गरिएको, दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षाका लागि 'डिस्टेन्स लर्निङ'को प्रक्रिया सुरु गरिएको छ।

यस्तै क्यान्सर, मिर्गौला र स्पाइनल इन्जुरीका बिरामीलाई मासिक रु पाँच हजार भत्ता दिने निर्णय, अतिविपन्न गरिब घर परिवारलाई प्रतिघर परिवार रु दश हजारका दरले राहत दिने घोषणा, युवा विद्यार्थी लक्षित 'पढ्दै कमाउँदै' कार्यक्रम र नारी समुदाय लक्षित 'महिला पहिला' कार्यक्रम घोषणा, साफ च्याम्पियनसिपमा उपविजेता बन्न सफल राष्ट्रिय फुटबल टिमका खेलाडीलाई प्रोत्साहनस्वरुप जनही रु पाँच लाख दिने घोषणालाई पनि वर्तमान सरकारका सकारात्मक कदमका रुपमा लिन सकिन्छ।

कोरोनाको खोपसँगै अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मीलाई तुरुन्त जोखिम भत्ता उपलब्ध गराउने कदमलाई पनि सकारात्मक रुपमा लिन सकिन्छ। यो निर्णयले मुलुकभरका स्वास्थ्यकर्मीको मनोबल उच्च गराउने काम गरेको छ। कोरोनाबाट प्रभावित अर्थतन्त्रलाई पुनःरुत्थान गर्न सरकारले साझा न्यूनतम कार्यक्रममार्फत विशेष प्याकेज पनि सार्वजनिक गरिसकेको छ।

सरकारले सीमित स्रोत, साधन र जनशक्तिले बाढी, पहिरो तथा डुबानमा परेका जनताको उद्धार, राहत तथा पुनः निर्माणमा गरेको काम, जनताको समृद्धिका लागि सरकारको साझा न्यूनतम कार्यक्रममार्फत अघि बढाएका कार्यक्रम र योजनाको कार्यान्वयन चरण, राष्ट्रिय हितमा आधारित परराष्ट्र नीति महत्वपूर्ण कार्यक्रम हुन्।

हाम्राभन्दा पनि योग्य र राम्रा मान्छे छानेर महत्वपूर्ण निकायमा नियुक्ति प्रक्रियाको थालनी भएको छ। सरकार गठनको प्रारम्भमै भएका त्यस्ता निर्णयले विकास एवं सुशासनका लागि जनमानसमा सकारात्मक सन्देश गएको छ।

आन्दोलनमा घाइते भई यथोचित उपचार नपाएकाको उपचार व्यवस्था, अङ्गभङ्ग भएकालाई क्षतिपूर्ति र परिवारका एक जनालाई रोजगारीको व्यवस्था गर्ने योजना अघि बढेको छ। सङ्कटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात जस्ता क्षेत्र र श्रमजीवी, विपन्न, बेरोजगार आदिको उत्थानका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने कार्यक्रमले कोभिड सङ्कटले थला परेका बेला अर्थतन्त्रले सन्तोषको सास फेर्ने वातावरण सिर्जना भएको छ। कोरोनाबाट प्रभावित पेसा/व्यवसाय र सर्वसाधारणका लागि कार्यक्रमअनुसार बजेट विनियोजन भइसकेको छ।

युवा विद्यार्थी लक्षित 'पढ्दै कमाउँदै' कार्यक्रम र नारी समुदाय लक्षित 'महिला पहिला' कार्यक्रमसमेत घोषणा भएको छ। यो कार्यान्वयनमा आएपछि विद्यार्थी र महिलाका लागि उद्यमशीलताको ढोका खुल्ने मात्र होइन सँगसँगै आत्मनिर्भरता पनि वृद्धि गर्नेछ। यसरी नै अफगानिस्तानमा तालिवानको पुनरोदयपछि सङ्कटमा परेका आफ्ना नागरिकलाई समयमै सकुशल उद्धार गर्न सरकार सफल भएको छ।

खासगरी विकास निर्माण र मुलुक समृद्धिको आधार तय गर्नुका साथै पूर्ववर्ती सरकारका गतिविधिले सङ्कटमा परेको संविधान, संसद् र लोकतन्त्रलाई सही ट्र्याकमा ल्याउनु नै यस सरकारको प्रमुख उपलब्धिका रुपमा लिन सकिन्छ।

वर्तमान सरकारले आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा खोप भित्र्याएको मात्र नभएर वैदेशिक लगानीका लागि पनि लगानीमैत्री वातावरण निर्माणको नीति लिएको छ। उता सन्तुलित र सफल परराष्ट्र नीतिका लागि सरकार अग्रसर भएको छ। जस्तो कि अघिल्लो सरकारका समयमा सहज बन्न नसकेको देखिएको नेपाल भारत सम्बन्धमा सुधारका प्रयास सरकारले थालेको छ। यसका लागि भारतीय जनता पार्टीको विदेश विभागका प्रमुख विजय चौथाइवालेको नेपाल भ्रमण होस् या भारतीय सत्तारुढ दल भाजपाको निमन्त्रणामा हालै नेपाली कांग्रेसका सहमहामन्त्री डा प्रकाशशरण महतको नेतृत्वको नेपाली कांग्रेसको टोलीले भारतको भ्रमण गरेको विषयलाई पनि लिन सकिन्छ।

परराष्ट्रमन्त्री डा नारायण खड्का र चिनियाँ विदेशमन्त्री वाङ यीबीच मङ्गलबार मात्र द्विपक्षीय फोनवार्ता भएको छ। त्यस क्रममा नेपाल चीन सम्बन्धका धेरै आयामका साथै व्यापार र अन्य साझेदारीका विषयमा पनि कुराकानी भएको छ। यसलगत्तै हिजो नै चीनले नेपाललाई अनुदानस्वरुप कोरोनाविरुद्धको २० लाख डोज खोप दिने प्रतिबद्धता सार्वजनिक गरेको छ। यसरी नेपाल सरकारले भारत र चीनसँग असल छिमेकी सम्बन्धका रुपमा अघि बढ्ने नीति अख्तियार गरेको छ।

## इनारमा डुबेर मृत्यु भएको प्रकरणमा तीन युवक पक्राउ

लहान, ३ कात्तिक (रासस)।

झिझिया नाच हेर्न गएका एक युवकको मृत्यु भएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

दसैँको अवसरमा गत शुक्रबार आयोजित झिझिया नाँच हेर्न गएका सिरहाको गोलबजार नगरपालिका-८ भाइजिटोलका १७ वर्षीय सत्रुधन महतोको सिरहाकै नरहा गाउँपालिका-३ नयाँ चोहर्वाको इनारमा डुबेको अवस्थामा शव फेला परेको थियो। सो घटनामा संलग्न रहेको आरोपमा ती युवकका तीन जना साथीलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। घटनाबारे अनुसन्धान जारी रहेकाले पक्राउ परेकाको नाम प्रहरीले गोप्य राखेको छ।

घटनाको विषयमा अनुसन्धान भइरहेको र दसैँको कारण अदालत बन्द रहेकाले केही प्रक्रिया पुऱ्याउनुपर्ने र अनुसन्धान अधुरो रहेकाले नाम सार्वजनिक गर्न नसकिने इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक राजेन्द्र श्रेष्ठले जानकारी दिनुभयो।

गत शुक्रबार राति झिझिया नाचमा युवाको दुई समूहबीच झडप हुँदा भागदौड मच्चिदा नजिकै रहेको इनारमा चारै जना झरेका थिए। तत्काल प्रहरी र स्थानीयवासीले तीन जनाको उद्धार गरेपनि महतो भने इनारमै डुबेका थिए। गाउँकै जनता नमूना माध्यमिक विद्यालयका कक्षा ११ मा अध्ययरत महतोको शव गत शनिबार बिहान मात्र स्थानीयवासीले देखेपछि प्रहरीलाई जानकारी गराएका थिए।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569





# ब्याजदर वृद्धिमा राष्ट्र बैंकको अङ्कुश : कात्तिकको ब्याजदर संशोधन हुने

काठमाडौं, ३ कात्तिक (रासस)।

बैंक तथा वित्तीय संस्थाले आफूखुसी ब्याजदर बढाउन थालेपछि यसलाई नियन्त्रण गर्न राष्ट्र बैंकले निर्देशन जारी गरेको छ। वाणिज्य बैंकहरूले निक्षेपमा अधिकतम ११ दशमलव ६७ प्रतिशतसम्म ब्याज दिने घोषणा गरेसँगै राष्ट्र बैंकले ब्याजदर असाधारणरुपमा बढ्न नदिन निर्देशन जारी गरेको हो।

केन्द्रीय बैंकले मङ्गलबार जारी गरेको निर्देशनानुशार बैंक तथा वित्तीय संस्थाले जुनसुकै निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशित ब्याजदरमा बढीमा १० प्रतिशतका दरले मात्र परिवर्तन गर्न सक्नेछन्। त्यस्तै संस्थागत मुद्दति निक्षेप (बोलकबोलसमेत)मा प्रदान गरिने अधिकतम ब्याजदर सर्वसाधारणलाई मुद्दति निक्षेपमा दिने अधिकतम ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम हुनुपर्ने निर्देशनमा उल्लेख छ।

राष्ट्र बैंकले कात्तिक महिनाका लागि सार्वजनिक भएका ब्याजदरसमेत उल्लेखित व्यवस्थाबमोजिम नभएको भए संशोधन गरी कात्तिक ३ गतेभित्र आफ्नो वेवसाइटमार्फत सार्वजनिक गरी लागू गर्न र ५ गतेभित्र दैनिक पत्रिकामा समेत प्रकाशित गर्न निर्देशन दिएको छ।

राष्ट्र बैंकको निर्देशनअनुसार अब बैंकले गत असोज महिनाको ब्याजदरका तुलनामा बढीमा १० प्रतिशतले वृद्धि गरी यही कात्तिकको लागि नयाँ ब्याजदर निर्धारण गर्न सक्नेछन्। असोज महिनाका लागि सनराइज् बैंकले निक्षेपमा अधिकतम १० दशमलव शून्य सात प्रतिशत ब्याज दिएको थियो। राष्ट्र बैंकको निर्देशनअनुसार अब सनराइज् बैंकले मुद्दति निक्षेपमा कात्तिक महिनामा अधिकतम ११ दशमलव शून्य शून्य सात प्रतिशतसम्म ब्याज दिन सक्नेछ।

तरलता अभावले लगानीयोग्य रकममा समस्या आएको जनाउँदै धेरै बैंक वित्तीय संस्थाले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको पहिलो दिननै दोहोरो अङ्कले ब्याज बढाएका थिए।

# कलाकार चौधरी जीवन र मृत्युको दोसाधमाः सहयोगको याचना

लहान, ३ कात्तिक (रासस)।

थारु र मैथली भाषाका चलचित्रमा नायकको भूमिका निर्वाह गरेका कलाकार नवीन चौधरी यतिबेला जीवन मृत्युको दोसाधमा छन्।

सप्तरीको डाक्नेश्वरी नगरपालिका–९ लक्षणपट्टीका ३२ वर्षीय चौधरी करिब डेढ वर्षयता विभिन्न रोगबाट थलिएर जीवन र मृत्युको दोसाधमा परेका हुन्। धरान, विराटनगरको विभिन्न अस्पताल हुँदै कलाकार चौधरीलाई थप उपचारको लागि काठमाडौं लगिएको छ।

कहिले डेङ्गु, कहिले क्यान्सर, कहिले किड्नीको समस्या, सुगरलगायत विभिन्न रोगबाट ग्रसित चौधरी अहिले कानसमेत सुन्न नसक्ने अवस्थामा पुगेको परिवारजनले जनाएको छ। विगत डेढ वर्षदेखि थलिएको छोराको उपचारमा हालसम्म करिब रु ४५ लाख खर्च भइसकेको चौधरीकी आमा विशवरी कुमारी चौधरीले बताउनुभयो।

सिरहाको लहानस्थित समाद एफएमबाट आफ्नो साङ्गीतिक क्यारियरको सुरुआत गर्नुभएको कलाकार चौधरीको सयौं भ्याल जमैया, दिलके टुक्रा, नथिया टुटल सैया खटिया पर, स्पृङ्ग सेट छैंलगायत गीत र फिल्ममा मुख्य पात्र (नायक) को रूपमा अभिनय गर्नुभएको छ। छोरोको उपचार गर्दागर्दै परिवारिक आर्थिक अवस्था कमजोर भइसकेकाले सहयोगका लागि सम्पूर्ण कलाकार, बुद्धिजीवी, सामाजिक अभियन्ता, समाजसेवी, सङ्घ संस्था, देश, विदेशका प्रवासी कमदारलगायतसँग कलाकार चौधरीकी आमाले अपिल गर्नुभएको छ।

आमा विशवरीकुमारी चौधरीको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक राजविराज शाखाको खाता नं –२१८०१०००३२५३७०१० मा आर्थिक सहयोग गरीदिनहुन चौधरीको परिवारले सबैमा आग्रह गरेको छ।

### बाढीपहिरोबाट ...

दिनुभयो। सम्पर्कविहीन व्यक्तिको सङ्ख्या धेरै रहेकाले मृत्यु अझै बढ्ने देखिएको छ।

अहिलेसम्मको प्राप्त विवरणअनुसार इलाममा सात, पाँचथरमा छ, डोटीमा सात, धनकुटामा छ, सुनसरीमा दुई, कालीकोटमा एक, डडेलधुरामा एकसहित ३१ जनाको मृत्यु भएको उहाँले राससलाई जानकारी दिनुभयो। उहाँले पहिरोमा परेर हुम्लामा छ, बझाङमा २३, कैलालीमा चारसहित विभिन्न जिल्लाका ४३ जना बेपत्ता भएका बताउनुभयो। अहिलेसम्म विभिन्न जिल्लाबाट ७०० को उद्धार गरिएको छ।

प्राप्त विवरणमा बाढी पहिरो र डुबानबाट मुलुकका १९ जिल्ला प्रभावित भएको छ। रातिदेखि नै वर्षा हुने प्रणाली नेपालको पूर्वी भेगतिर सरेसँगै कर्णाली र सुदूरपश्चिममा केही सुधार भएको छ। नेपालमा भारतको विहार र उत्तर प्रदेश आसपास रहेका न्यून चापीय प्रणाली र पश्चिमी वायु प्रणालीको संयुक्त प्रभाव कायमै छ।

जसका कारण अहिले हाल देशको प्रदेश १, २ र बागमती प्रदेशमा पूर्ण बदली र बाँकी भू–भागमामा सामान्यदेखि पूर्ण बदली रहेको छ। प्रदेश १, बागमती र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका एक–दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ। बुधबार दिउँसो प्रदेश १ का थोरै र प्रदेश २, बागमती, गण्डकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ।



राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# विश्व समाचार

## बेलायतमा संक्रमणबाट मृत्यु दर बढ्न थाल्यो, सामाजिक गतिविधिमा प्रतिबन्ध लगाउन सुझाव

लन्डन, ३ कात्तिक (रासस/सिन्हवा)।

बेलायतमा पछिल्लो समय कोरोना भाइरसका सङ्क्रमित बढ्दै गएसँगै मृत्यु हुनेको सङ्ख्यामा वृद्धि भएको छ। यहाँ गएको २४ घन्टामा कम्तीमा पनि २२३ जनाको ज्यान गएको छ।

यो मृत्यु यसै वर्षको गत मार्च ९ पछिकै सबैभन्दा धेरै हो। सात महिनाअघि त्यस दिन यहाँ कोरोना भाइरसको सङ्क्रमणबाट कम्तीमा २३१ जनाको ज्यान गएको थियो।

उता यहाँ २४ घन्टा यतामात्र कोरोना भाइरसका करिब ५० हजार सङ्क्रमित भेटिएका छन्। मंगलबार यहाँका सङ्क्रमित करिब ५० हजार जनाको नजिक पुगेको थियो।

बेलायतका अधिकारीले कोरोना भाइरसको सङ्क्रमण घट्न नसकेको देखिएको बताएका छन्। यहाँका स्वास्थ्य अधिकारीले सामाजिक क्रियाकलापहरुमा प्रतिबन्ध लगाउन माग गरेका छन्।

बेलायतका स्वास्थ्य वैज्ञानिकले पनि यो सुझाव दिएका छन्। उनीहरुले यहाँ हरेक दिन करिब ५० हजार जना सङ्क्रमित भेटिनु र मृत्यु दर हरेक दिन २०० भन्दा माथि हुनुलाई गम्भीर भन्दै यहाँका सामाजिक क्रियाकलापमा प्रतिबन्ध लगाउनुपर्ने बताएका हुन्।

यहाँ गएको २४ घन्टायता करिब ४४ हजार जना सङ्क्रमित भएका छन्। यो समेत गरी यहाँ सङ्क्रमित हुनेको सङ्ख्या ८५ लाख पुगेको छ।

महिनौंपछि यहाँ ठूलो सङ्ख्याका सङ्क्रमित पाइएका भन्दै प्रधानमन्त्री बोरिस जोन्सनले थप सतर्कताका लागि आग्रह गर्नुभएको छ।

यहाँका स्वास्थ्य अधिकारीले यहाँ धेरै समयपछि मृत्यु हुनेको सङ्ख्या पनि बढ्न थालेको बताएका छन्। बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये सात हजार ७०० जना अझै पनि अस्पतालमै उपचाररत रहेका छन्।

## भारतको उत्तराखण्डमा पनि बर्षा र बाढी, १६ जनाको मृत्यु

नयाँदिल्ली, ३ कात्तिक (रासस/सिन्ह्वा)।

भारतको उत्तराखण्डमा पनि वर्षा र बाढीको प्रकोप बढेको छ। सो बाढीमा परी कम्तीमा पनि १६ जनाको ज्यान गएको छ।

उता भारतको दक्षिणी राज्य केरलामा हालै आएको बाढीबाट दर्जनौं व्यक्तिको ज्यान गएको बताइएको थियो। योसँगै यता उत्तराखण्डमा पनि अविरल वर्षा र बाढी आएको बताइएको छ।

यहाँका अधिकारीले मगलबारसम्म उत्तराखण्डका विभिन्न स्थानमा परेको अविरल बर्षा र त्यसपछिको बाढीले कम्तीमा पनि १६ जनाको ज्यान गएको बताएका छन्।

यहाँका मौसमसम्बन्धी विज्ञहरुले उत्तराखण्डमा वर्षा जारी रहेको बताएका छन्। साथै उनीहरुले सतर्क रहन पनि सबैलाई सचेत गराएका छन्।

## सेनाको बसमा बम विस्फोट तेह्रको मृत्यु

दमासकस, ३ कात्तिक (रासस/सिन्ह्वा)।

सिरियाको राजाधानी दमासकसमा सैनिकहरु चढेका एक बसलाई लक्ष्यगरी गरिएको बम विस्फोटमा परी कम्तीमा १३ व्यक्तिको मृत्यु भएको छ। यसवर्ष शुरुवातपछि यो सबभन्दा खतरनाकपूर्ण आक्रमणको घटना भएको साना समाचार समितिले जनाएको छ।

राजधानीको एउटा प्रमुख पुलमा दुई विस्फोटक पदार्थ प्रयोग गरी आतंककारीहरुले सैनिक बसलाई लक्ष्यगरी गराएको बम विष्फोटमा परी कम्तीमा १३ व्यक्तिको मृत्यु हुनुको साथै अन्य तीन जना घाइते भएका जनाएको छ।

दमासकसमा हालैका वर्षमा केही हदसम्म हिंसा कम भएको थियो। इस्लामिक स्टेट्स (आइएस) जिहादी समूहले २०१७ को मार्चमा जस्टिस प्यालेसलक्षित बम विस्फोट गराएपछि कम्तीमा ३० जना मारिएका घटनापछि राजधानीमा भएको यो सबैभन्दा घातक आक्रमण हो।

यस बम आक्रमणको हाल कुनै पनि समूहले जिम्मेवारी लिएको छैन्। तर विगतमा यस्ता हमलाको आईएस जिहादी समूहले दावी गर्ने गरेका थिए।

दशकौं पुरानो युद्ध सकिएको र पुनर्निर्माण प्रयासलगायत लगानी परियोजना शुरू गर्न को लागि स्थिरताको ग्यारेन्टी गरेको सरकारलाई पछिल्लो बम विष्फोटले चुनौती दिएको छ।

राष्ट्रपति बशर अल असदको सरकारले आफूलाई अन्तरराष्ट्रिय स्तरबाट अलग भएको यस अवस्थालाई बाहिर निकाल्ने कोशिस गरिरहनु भएको छ र हालैका महिनामा यसमा प्रवेश पाएको छ।

# दलित समुदायमा शिक्षाको पहुँच हुनुपर्छ : अर्थमन्त्री साह




**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले दलित समुदायमा शिक्षाको पहुच हुनुपर्नेमा जोड दिएका छन् ।

सेभ द सप्तरीको २२ औं सधारण सभा एव सामाजिक लेखा परीक्षण कार्यक्रमको अवसरमा बोल्दै मन्त्री साहले सो कुरामा जोड दिएका हुन् ।

सप्तरी जिल्ला मानव सुचकमा एकदमै पछाडी परिसकेको भन्दै मन्त्री साहले दलित समुदायमा शिक्षाको पहुँच हुनुपर्ने बताए ।

सेभ द सप्तरीले जिल्लाको दक्षिणी भेगमा गरेको कामहरु उदाहरणीय रहेको भन्दै उनले यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । देशमा राजनैतिक परिर्वतन भएपनि समाजमा आमजनता परिर्वतन हुनुपर्ने बताउदै मन्त्री साहले कृषि, शिक्षा, रोजगार लगायतका क्षेत्रमा ध्यान दिनुपर्ने सुझाव समेत दिए ।

राज्यको आँखा नपुगेको ठाउँमा संस्थाले समाजिक क्षेत्रमा महत्वपुर्ण काम गर्दै अएकोमा मन्त्री साहले प्रशंशा समेत गरे ।

सोही कार्यक्रममा प्रदेश सभा सदस्य गिता यादवले राज्यले व्यवस्था गर्न नसकिएको कामहरु सेभ द सप्तरीले गरिरहेको बताउँदै महिलाहरु बाहिर निस्किन नसकेको अवस्थामा सस्थाले ग्रामिण भेगका महिलालाई १५ हजार रुपैया दिएर स्वरोजगार बन्न मद्दत गरेकोप्रति आभार व्यक्त गरिन् ।

कार्यक्रममा स्वास्थ प्रमुख दुनियालाल यादवले सप्तरी जिल्लाको विभिन्न भागहरुमा समृद्ध स्वास्थ्य, शिक्षामा काम गनुपर्ने जिकिर गरे । उनले स्वास्थ्य तथा बालबालिका क्षेत्रमा सेभ द सप्तरीले निरन्तरता काम गरिरहेको भन्दै लागु औषध सेवनमा फसेका बालबालिकाहरुको हितमा काम गर्न सुझाव दिए ।

सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश २ का मिडिया काउन्सील अध्यक्ष शिवहरीप्रसाद भटराई, गैसस महासंघका उपाध्यक्ष बलदेव मण्डल, पत्रकर महासंघका पूर्व अध्यक्ष धिरेन्द्रप्रसाद साह, सेभ द सप्तरीका संस्थापक गंगाराम साह, पत्रकार महासंघका अध्यक्ष श्रवण कुमार देव लगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए ।

कार्यक्रममा सेभ द सप्तरीका बिभिन्न तहका कर्मचारीहरुको सहभागिता रहेको थियो । संस्थाले बिगत २२ बर्षदेखि समामाजिक, शिक्षा, रोजगार, स्वास्थ्य र बालबालिकाको हितमा काम गर्दै आएको छ ।

### समन्वय समितिका ..

जनजिवन कष्टकर बनेको तथा बेमौसमी वर्षाले धान बालीमा व्यापक क्षति भएको उल्लेख गर्दै पीडितलाई क्षतिपूर्ती उपलब्ध गराउन ती निकायसँग माग गरेका हुन् ।

जारि विज्ञप्तिमा किसानहरुलाई धान भित्राउने चटारो रहेको बेला बेमौसमी वर्षाले धान बालीमा व्यापक रुपमा क्षति पुऱ्याएको तथा धानको बाला पानीमा डुबेको, काटेको धान पनि खेतमै रहेको कारण किसानहरु झनै चिन्तित भएकोले उल्लेख छ ।

धान रोपाईको समयमा सहज रुपमा रसायनिक मल नपाउने अनि फलेको धान पनि बाढीले क्षति गर्दा किसानहरुलाई ठूलो मार्का परेको भन्दै सम्बन्धीत निकायलाई विज्ञप्तिमार्फत ध्यानाकर्षण गराइएको छ ।

वर्षाले भएको क्षति विवरण संकलन, राहत, उद्धार, अवरोध भएको सडक, विद्युत, कृषि क्षेत्रमा धान बालीमा भएको क्षति लगायत समग्र विवरण संकलन कार्य अविलम्ब सम्पन्न गरि सोको क्षतिपूर्ती उपलब्ध गराउन सबै सरोकारवाला निकायसँग जोडदार माग गरिएको छ ।

# बिष्णुपुर गाउपालिकाको भवन साढे ७ करोडको लागतमा निर्माण हुदै



**दैनिक समाचारदाता**
**राजविराज, ३ कात्तिक ।**

सप्तरीको बिष्णुपुर गाउपालिका कार्यालयले आफ्नो प्रशासकिय भवनको बुधबार एक कार्यक्रम बिच शिलान्यास गरेको छ ।

बिष्णुपुर गाउपालिका वडा नं. ५ स्थित कट्टीमा नेपाली काँग्रेस जिल्ला सभापति दिनेश कुमार यादब तथा पालिका अध्यक्ष लिलाम्वर यादबले संयुक्त रूपमा सो भवनको शिलान्यास गरेका हुन् ।

गाउपालिका अध्यक्ष निलाम्वर यादबले संघिय सरकार र स्थानिय बिष्णुपुर गाउपालिकाको संयुक्त ७ करोड ५२ लाख ८६ हजार ८ सय ३२ रूपैया २२ पैसाको लागतमा तीन तल्ले भवन निर्माण हुन लागेको जानकारी दिदै उक्त भवनको पहिलो तल्लामा १२ कोठेसहित ३० कोठा निर्माण हुने बताए ।

भवन निर्माणका लागि सि.एम. शौलेन्द्र जे.बी. बिदुर १० नुवाकोटका ठेक्केदार कम्पन्नीले जिम्मा लिएको गाउपालिका ईन्जिनियर रामचन्द्र दासले जानकारी दिए ।

उक्त अवसरमा प्रदेश सभा सदस्य मो. समिम, गाउपालिका प्रमुख प्रशासकिय अधिकृत ललन यादब, वडा ५ का वडा अध्यक्ष जिवछ मण्डल, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव लगायत स्थानियबासीहरूको सहभागिता रहेको थियो ।



अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय सप्तरी

## राजविराज नगरपालिका
## वडा नं. १ को कार्यालय
## वडा कार्यालयबाट जारि भएको सूचना

**मिति : २०७८/७/३**

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. १० हाल वडा नं. १ बस्ने **शिवनारायण यादव**ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७८/७/३ मा द.न. ६२६ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. १० हाल १ बस्ने श्री फनिया देवी यादव नाउँको दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | अगाडी | ४ ख | ४५ | ०-२-० |

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*